**२०७५ साल असार १२ गते मंगलबारको दिन बसेको लिखु गाउँ कार्यपालिकाको अठारौं बैठकबाट भएका निर्णयहरुको व्यहोरा निम्न बमोजिम छन् :**

१. आर्थिक वर्ष २०७५।०७६ को लागि गाउँसभामा पेश भई सभामा सामान्य छलफल भई गाउँ कार्यपालिकामा थप छलफलको लागि पठाईको आगामी आर्थिक वर्ष २०७५/२०७६ को लागि राजस्व र व्ययको अनुमान (बजेट) कार्यपालिकाको विषयगत समितिमा छलफल गर्ने निर्णय गरियो ।

२. आर्थिक वर्ष २०७५।०७६ मा लिखु गाउँपालिकाको क्षेत्र भित्र पर्ने लिखु, तादी र सिन्दुरे खोलाको देहायका स्थानबाट नदिजन्य पदार्थ उत्खनन, संकलन गर्न सकिने निर्णय गरियो ।

| क.स. | नदि | प्रभावित क्षेत्र | कैफियत |
|---|---|---|---|
| १ | लिखु | वडा नं. ६ छहरे पुल देखि वडा नं. ३ पट्टाबारी तादी दोभान सम्म | |
| २ | तादी | वडा नं. ४ नयाँ पुल चौघडा देखि ढिकुरे पुल हुँदै वडा नं. ३ विदुर न.पा.को सिमाना हुँदै मालाकोट सम्म | |
| ३ | सिन्दुरे खोला | वडा नं. ३ ढाँडे फेदी देखि वडा नं. ३ मालाकोट सम्म । | |

३. महेन्द्र उच्च माध्यमिक विद्यालय(प्राविधिक तथा व्यवसायिक विद्यालय)बाट माग भइ आएको प्राविधिक तथा व्यावसायिक धार तर्फ कक्षा ११ को लागि २०७५ साल देखि कम्प्युटर इञ्जिनियरिङ विषय सञ्चालनको अनुमति दिने निर्णय गरियो ।

४. लिखु गाउँपालिका वडा नं. १ र विदुर नगरपालिकाको सिमाना कुमुम खोला देखि बर्राफेदी सडक खण्डमा खाल्डाखुल्डी पुर्ने कार्यका लागि मर्मत सम्भार एवं सञ्चालन शीर्षकमा पूजीगत अनुसन्धान तथा परामर्श एवं सेवाप्रवाहको लागि शिविर, घुम्ती शिविर, अभियान सञ्चालन शीर्षकहरुबाट पूरै रकम सारी सो सार्वजनिक मर्मत, सम्भार र सञ्चालन शीर्षकबाट रु चार लाख विनियोजन गरी तत्काल सम्झौता गरी कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।